# आर्थिक वर्ष २०८२।०८३ को

# बजेट वक्तव्य

नलगाड नगरपालिका

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### दल्ली, जाजरकोट

### कर्णाली प्रदेश, नेपाल

# नलगाड नगरपालिकाको सोह्रौं नगर सभाको वैठकमा

नगर उपप्रमुख श्री देवका लामिछाने ज्यूबाट

**मिति २०८२।०३।१० गतेमा प्रस्तुत गर्नु भएको**

**आर्थिक वर्ष २०८२।०८३ को**

**बजेट वक्तव्य**

नलगाड नगरपालिका

**आदरणीय  सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्य ज्यूहरु,**

**नगरपालिकाका विभिन्न समिति एवं उपसमितिका पदाधिकारी ज्यूहरु,**

१. नलगाड नगरपालिकाको यस गरिमामय नगर सभामा आर्थिक वर्ष **२०८२।०८३** को बजेट प्रस्तुत गर्न गईरहेको छु । सिमित स्रोत साधन वाट असिमित जनचाहना र अपेक्षाहरु पुरा गराउनु प्रमुख चुनौती नै छ यद्यपी आगामी आ.व. **२०८२।०८३** को अनुमानित बजेटले सबै जनसमुदायलाई प्रतिनिधि रुपमा समेट्नेछ भन्ने अपेक्षा गरेको छु । नेपालको भौगोलीक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधीनता र मुलुकको स्वाभिमान रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, समावेशिता, धर्म निरपेक्षता, सामाजिक न्याय, जनताको मौलिक हक र अधिकार प्राप्तिका लागि भएका ऐतिहासिक आन्दोलनमा ज्यान गुमाउनुहुने सम्पुर्ण सहिदहरु प्रति हार्दिक श्रद्धासुमन ब्यक्त गर्दैछु भुकम्पका कारण क्षती भएका क्षेत्रमा जिविकोपार्जन , सशक्तिकरण र भौतीक पूर्वाधार निर्माण लगायतका कार्यक्रममा सहयोग गर्नुहुने संघीय सरकार , प्रदेश सरकार र विकास साझेदार निकायहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै , विनासकारी भुकम्पमा राहत तथा उद्धार, पुनःनिर्माणमा खटिनुभएका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु, राजनितिक दल, नागरिक समाज, सुरक्षा कर्मी, स्वास्थ्य कर्मि, स्वंयमसेवक लगायत विकास साझेदारी निकायहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै उहाहरुप्रति सम्पुर्ण नगरपालिका परिवार हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहान्छु ।

२. संघीयता कार्यान्वयनको क्रममा हाम्रो नलगाड नगरपालिका आर्थिक सम्वृद्धि, सुशासन र विकासको मार्गमा निरन्तर अगाडी बढिरहेको छ । नलगाड नगरपालिका लोकतन्त्रका आधारभुत मुल्य, मान्यता, मानव अधिकारको संरक्षण, सुशासन, उत्तरदायी सरकार, भ्रष्टाचार नियन्त्रण,

स्वतन्त्र न्यायपालिका, पुर्ण प्रेस स्वतन्त्रता, विधिको शासन, जनताका आधारभुत हक अधिकारहरुप्रति प्रतिबद्ध छ । यस सुखद उपलक्ष्यमा नलगाड नगरपालिकाको गरिमामय १६ औ नगरसभामा नलगाड नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रकम सम्मानीत सभा समक्ष प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्षित भएको छु । अव म तपाईहरु समक्ष आर्थिक वर्ष **२०८२।०८३** को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

३. विगत देखि वर्तमान सम्मको राजनैतिक परिवर्तन उपलब्धी आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि भएका अन्दोलनहरुबाट प्राप्त जन निर्वाचित संविधानसभा मार्फत नयाँ संविधानको निर्माण सँगै शासकीय स्वरुपमा आमुल परिवर्तन भई लामो समय देखि रहेको केन्द्रिकृत शासन ब्यवस्था तीन तहको संघीय शासन ब्यवस्था प्रणालीमा रुपान्तरण भयो फलस्वरुप स्थानीय सरकारको पहिलो कार्यकाल समाप्त भई दोश्रो स्थानीय तहको निर्वाचन समेत सम्पन्न भई स्थानीय सरकारले पुर्णता पाएको समेत तीन वर्ष पुरा भई चार वर्ष लागेको  छ । तसर्थ विगतका राजनितिक परिवर्तनबाट प्राप्त भएका उपलव्धीलाई संस्थागत गरी विकास र सेवाको रुपमा त्यसको लाभ नागरिकको घरदैलोसम्म पुर्याउन र नलगाड नगरबासीको हसिलो मुहार हेर्न हामीले धेरै कार्य गर्नुपर्ने सामुहिक जिम्मेवारी रहेको छ । संघीयताको सफल कार्यान्वयन, सुशासन, विकास, समाबेशीता र सामाजिक न्याय तथा समाजबाद उन्मुख आर्थिक,

सामाजिक संरचनाको विकास गर्दै तदनुरुप तवरले संस्थागत संरचनागत प्रक्रियागत एंव कार्यगत परिवर्तन गर्ने गरी आगामी वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको छ ।

४. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानुनहरु, नेपालको सोह्रौ योजना, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारका मार्गदर्शन तथा कानुनहरु, विनियोजन विधेयक २०८२, नलगाड नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न समिति तथा वडा समिति, राजनैतिक दल, संघ संस्था तथा समग्र पक्षवाट प्राप्त सुझावहरुलाई प्रमुख मानी तर्जुमा गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

म अब यस सम्मानित नगर सभामा आ.व. **२०८२।०८३** को बजेटका उद्धेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उदेश्यहरु :**

क) खानेपानी, सिंचाई, कृषि, पशु, वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी समतामूलक रोजगारी सिर्जना गर्नु ।

(ख) सहज जीवनयापन र समुन्नत नगरपालिका निर्माणका लागि जलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद् उत्थानशील भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।

(ग) स्थानीय उत्पादनमा जोड दिई कृषिको विविधीकरण, व्यवसायीकरण गर्दै  खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्यमशिलता प्रवर्धन गर्ने ।

(घ) नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गर्ने ।

(ङ) सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको स्तरोन्नती र गुणस्तरियता सुनिश्चित गर्ने ।

(च) आर्थिक, सामाजिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी सामाजिक न्याय र समता कायम गर्ने ।

(छ) संस्थागत विकास मार्फत सुशासन प्रत्याभूत गर्ने ।

ज.भुकम्पबाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिई योजना तथा कार्यक्रम तर्जुमा गर्ने । क्षतिग्रस्त भौतिक संरचनाहरुको पुननिर्माण गर्न सङ्घ सरकार, प्रदेश सरकार र विकास साझेदारसँग सहकार्य गर्ने ।

**आदरणीय सभाध्यक्ष महोदय**

५. म अब यस सम्मानित नगर सभामा आ.व. **२०८२।०८३** को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका प्राथमिकताहरु** :

- खानेपानी, सरफाई र सिंचाई निर्माण
- भकम्प पछिको पुननिर्माण
- कृषि, पशुपालन तथा रोजगार क्षेत्र
- लघु घरेलु तथा साना उद्योग

- सडक निर्माण क्षेत्र
- शिक्षा क्षेत्र
- जलस्रोत तथा सिंचाई
- स्वास्थ्य तथा सरसफाई क्षेत्र
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- पर्यटन
- पूर्वाधार विकास क्षेत्र
- शासकिय सक्षमताको विकास सुशासन र सदाचार प्रर्वद्धन
- खेलकुद विकास क्षेत्र
- साँस्कृतिक प्रवर्द्धन क्षेत्र
- सुशासन प्रवर्द्धनका अन्य क्षेत्रहरु

**आदरणीय सभाध्यक्ष महोदय**

म अब यस सम्मानित नगर सभामा आ.व. **२०८२।०८३** को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान
- नलगाड नगरपालिकाको आवाद्यिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सोह्रौ आवधिक योजना,
- संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयका परिपत्रहरु,
- संघीय सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्य,

नलगाड नगरपालिका

- प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्य,
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुँदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्धारा आएका आयोजना तथा कार्यक्रमहरु,
- नलगाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्थाको विश्लेषण,
- दिगो विकासका लक्ष्यहरु
- स्थानीय आबश्यकता तथा प्राथमिकताका सवालहरु

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. ०८२।८३ का लागि संक्षिप्त बजेट विनियोजन प्रस्तुत गर्न गईरहेको छु ।

**आर्थिक विकास क्षेत्र**

१. आर्थिक वर्ष **२०८२|०८३** मा आर्थिक विकास क्षेत्रको लागि रु. १ करोड ३० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२. नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने , बासिन्दाहरुको उद्यमशीलता, प्रवर्द्धन हुने गरी दलित, जनजाती, लोपोन्मुख, सीमान्कृत एवं अल्पसंख्यकलाई प्राथमिकता दिई त्यस्ता व्यक्तिहरुलाई सीप विकास , क्षमता अभिबृद्धि गरी आर्थिक क्षेत्र उद्यम एंव व्यापार व्यवसायसंग सम्वन्धित कार्यक्रम मार्फत उत्पादन तथा रोजगारी सृजना गर्न तथा टेवा पूंजी उपलब्ध गराउन र यस्तो कार्यक्रमलाई व्यवस्थित , सरल,

सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न नगर प्रमुख उद्यमशिल कार्यक्रम संचालनको लागि रु.५० लाख विनियोजन गरेको छु ।

३. नलगाड नगरपालिकाका सहकारी तथा लघुउद्यम कार्यक्रम संचालनको लागि रु. ७ लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास क्षेत्र**

१. आर्थिक वर्ष **२०८२।०८३** मा सामाजिक विकास क्षेत्रको लागि रु. २ करोड ५९ लाख बजेटको सीमा निर्धारण गरेको छु।

२. विपन्न नागरिक तथा दिर्घरोगीहरुको उचित स्वास्थ्य अबस्थालाई मध्येनजर गरी आर्थिक सहायता उपलव्ध गराउन **आकष्मिक कोषको** लागि रु. १० लाख बजेट बिनियोजन गरेको छु।

३. पाठ्यक्रमले निर्धारण गरे बमोजिमको समय तालिका अनुसार विद्यालयहरुमा सिकाई कार्यको निरन्तरता दिइने छ । जसको लागि सरोकारवाला निकाय तथा पदाधिकारीहरुबाट नियमित अनुगमन सुपरिवेक्षण गरिने छ र सो प्रयोजनको लागि आबश्यक बजेटको प्रबन्धन गरेको छु ।

४. यस नगरपालिका वडा नं. ४ पिपलचौरमा संचालित एक मात्र अपांग मैत्री तथा अनाथ मैत्री विशेष आवासिय विद्यालयमा विद्यार्थीहरुको व्यवस्थापन गर्नको लागि रु . १० लाख विनियोजन गरेको छु ।

५. नलगाड नगरपालिकामा रहेका आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा व्याप्त विभेद अन्त्य गर्न पछि परेका वर्ग, जाती, समुदायको संरक्षण, सुरक्षा र



नलगाड नगरपालिका

सशक्तिकरणका कार्यक्रम संचालन गर्न आबश्यक बजेटको व्यबस्था मिलाएको छु ।

६. नलगाड नगरपालिका भित्र रहेका एकल महिला, अपांगता भएका नागरिक र आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायको हक हितको संरक्षण गर्न आबश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरेको छु ।

७. नगर प्रमुख खेलकुद प्रतियोगिता सञ्चालन तथा अन्य खेलकुद क्षेत्रको व्यवस्थापन र विकासका लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु ।

८. जोखिम तथा वञ्चितीमा परेका लक्षित वर्गलाई विविध कार्यक्रम तथा सहुलियत तथा विशेष ब्यवस्था गरि सामाजिक न्याय कायम गर्न विविध कार्यक्रम तथा अन्य कार्य गर्न रु. २० लाख विनियोजन गरेको छु ।

**पुर्वाधार विकास क्षेत्र**

१. आर्थिक वर्ष **२०८२।०८३** को लागि पूर्वाधार विकास क्षेत्रमा रु. ३ करोड ७५ लाख ३७ हजार बजेटको सीमा निर्धारण गरेको छु ।

२ दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजना र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसंगको साझेदारीमा मोटरेवल पुल , सडक, सिंचाई, खानेपानी , झोलुङ्गेपुल, जलवायू उत्थानशिल , सरसफाई र लघुजलविद्युत आयोजनाहरु निर्माणको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।

३. वडा कार्यालय सम्म सडक पहुँच नपुगेको नलगाड नगरपालिका वडा नं १३ मा सडक निर्माणको लागि संघीय सरकार , प्रदेश सरकार र विकास साझेदारी निकायहरुसंगको समन्वयमा आबश्यक बजेटको

व्यबस्थापन गरी सडक निर्माण कार्यलाई उच्च प्राथमिकतामा सडक पूर्वाधार निर्माणको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।

४. निर्माण सम्पन्न पूर्वाधारहरु नियमित मर्मत गरि दिगो बनाउन मर्मत संम्भार कोषलाई बढाई सवै खाले मर्मत सम्भार कार्य नगर पालिका तथा वडा कार्यालयबाट गर्ने गरि भौतिक संरचनाहरुको नियमित मर्मत तथा संरक्षणको लागि रु. ५० लाख विनियोजन गरेको छु ।

५. नलगाड नगरपालिकामा गौरबको आयोजना रहेको नलगाड नगर अस्पतालको १५ शैया निर्माणधिन भवनको लागि बजेट विनियोजन गरी आबश्यक उपकरण सहित जनशक्तिको उपयुक्त व्यबस्थापनको लागि रु ७० लाख बजेट विनियोजन गरेको छु ।

६. नलगाड नगरपालिका क्षेत्रभित्र पर्ने भेरि करिडोर र बजार क्षेत्रमा सडक बत्ति जडान गरि नागरिकहरुलाई आवगमनमा सहजता ल्याउने उद्धेश्यका साथ सडक बत्तिको व्यबस्थापनको लागि रु . २० लाख बजेट विनियोजन गरेको छु ।

७. संघीय सरकार, प्रदेश सरकार र अन्य विभिन्न निकायहरुसंग आयोजना म्याचिंगको लागि रु. २५ लाख ३७ हजार विनियोजन गरेको छु ।

८. संघीय सरकार र प्रदेश सरकारबाट संचालन हुने विभिन्न कार्यक्रम संचालनको लागि रु .५० लाख समपुरक कोषको लागि बजेट बिनियोजन गरेको छु ।

## वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१ आर्थिक वर्ष **२०८२|०८३** को लागि वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु. ४० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२ नलगाड नगरपालिका भित्र बाढी पहिरोको उच्च जोखिम रहेका स्थानहरुमा तटबन्धन नियन्त्रणका लागि आबश्यक बजेट तर्जुमा गर्न संघीय सरकार र प्रदेश सरकार संग कार्यक्रम तर्जुमाको लागि आबश्यक व्यबस्था मिलाएको छु ।

३ नलगाड नगरपालिका भित्ररहेका खेती योग्य जमिनहरुमा सिंचाई सुविधा उपलब्ध गराउनको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।

## सुशासन र सार्वजानिक सेवा प्रवाह

१. सुशासन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा रु १० लाख बजेट विनियोजन गरेको छु । नलगाड नगरपालिकाको जनअपेक्षा सम्बोधन गर्न सक्षम, पारदर्शि, प्रविधिमैत्री र जनउत्तरदायि प्रशासनको विकास गर्न कर्मचारी तालिम तथा क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२ विकास निर्माणका क्रियाकलापहरुलाई जनचाहना, जनहित, जनजागरुकता, जनसहभागिता र जनस्वामित्वलाई प्राथमिकता दिनका लागि सबै आयोजनाहरुको सार्वजनिक सुनुवाई, जनलेखा परिक्षण र सूचना हकको प्रवर्द्धन गर्न आबश्यक व्यबस्था मिलाएको छु ।

३ सार्वजनिक प्रशासनको क्षमता विकास गर्न औजार उपकरणको व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. नागरिकहरुलाई यातायातको सहज पहुँच पुर्याउने उद्धेश्यका साथ नलगाड नगरपालिका वडा नं १२ तल्लुबगर देखी नलगाड नगरपालिका वडा नं ५ कालिमाटी हुदै जिल्ला सदरमुकाम सम्म सहज आवागमनको लागि नगर बस खरिद गरी संचालनको लागि रु . ७० लाख बजेट बिनियोजन गरेको छु ।

५. नगरपालिकाको निती, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन , सार्वजनिक सम्पतीको सुरक्षा , संरक्षण , स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आबश्यक सुरक्षा , स्थानीय बजार तथा पार्किङ्ग , सरसफाई , न्यायिक समितिको निर्णयको कार्यान्वयन, विपद् खोज उद्धार , राहत तथा पुनस्थार्पना , सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षाको लागि नलगाड नगरपालिकाको नगर प्रहरी व्यबस्थापनको लागि बजेट व्यबस्थापन गरेको छु ।

## आदरणीय सभाध्यक्ष महोदय

१.आर्थिक वर्ष **२०८२।०८३** अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु । यद्यपी आ. व. **२०८२।०८३** मा प्राप्त हुने अनुमानित रकमलाई संक्षिप्तमा पेश गर्ने अनुमती चाहन्छु । कुल संचीत कोषमा प्राप्त हुने रकम रु ६८ करोड ९७ लाख ८८ हजार मध्ये, नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान रु.३७ करोड २९ लाख रुपैया, नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रकम रु. १० करोड ३९ लाख रुपैया मात्र, नेपाल सरकारबाट प्राप्त राजश्व बाडफाड बाट प्राप्त रकम रु.१२ करोड ४७ लाख  रुपैया, कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान १ करोड २२ लाख १३ हजार, कर्णाली प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान ३ करोड ६१ लाख, कर्णाली प्रदेश सरकार वाट प्राप्त समपुरक अनुदान रु. १ करोड ८० लाख, र गत वर्षको नगद मौज्दात रकम रु. १० लाख र आन्तरिक राजश्वको अनुमान रु. १ करोड १० लाख रुपैया आय अनुमान गरिएको छ ।

अन्त्यमा बजेट तयारीको क्रममा आवश्यक निर्देशन तथा सल्लाह प्रदान गर्नु हुने यस नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, योजना शाखा प्रमुख ज्यू , आर्थिक प्रशासन शाखा प्रमुख ज्यू,राजश्व शाखा प्रमुख ज्यू, नगर कार्यपालिका सदस्य ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु र पूर्व जननिर्वाचित प्रतिनिधि ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त उद्धेश्य प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरि नगर सभाका सदस्यहरुले दिनु भएका

सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलको क्रममा सुझाव दिनुहुने विषयगत शाखाका प्रमुखहरु तथा यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी ज्यूहरु, विज्ञहरु लगायत नीजि क्षेत्र तथा नागरिक समाजका वुद्धिजिवीहरु, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु पत्रकार तथा नलगाड भित्र र बाहिर रहनु भएका दाजुभाई दिदि बहिनीहरु एंव प्रत्यक्ष र अप्रत्यक्ष रुपमा योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयन गरी उपलब्धी सुनिश्चित गर्ने सबै पक्षको पूर्ण रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यवाद ।

नलगाड नगरपालिका

## अनुसूचि - १

## संञ्चित कोषमा आर्थिक वर्ष २०८२।०८३ मा प्राप्त हुने अनुमानित रकम

| सि.नं. | शीर्षक | अनुमान | कैफियत |
|---|---|---|---|
| | | | |
| १ | नेपाल सरकारबाट प्राप्त शःसर्त अनुदान पुजिगत रु. | ७,७२,००,००० | |
| २ | नेपाल सरकार बाट प्राप्त शसर्त अनुदान चालु | २९,५७,००,००० | |
| ३ | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रु | १०,३९,००,००० | |
| ४ | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँट रु | १२,४७,३२,९७९ | |
| ५ | नेपाल सरकारवाट प्राप्त समपुरक अनुदान | ८७,००,००० | |
| ६ | कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान रु | १,२२,१३,००० | |
| ७ | कर्णाली प्रदेश सरकारबाट प्राप्त शःसर्त अनुदान रु | ३,६१,०३,००० | |
| ८ | कर्णाली प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु | १,८०,००,००० | |
| ९ | कर्णाली प्रदेश सरकारबाट प्राप्त राजस्व वाडफाड अनुदान रकम रु | १२,४०,००० | |
| १० | गत वर्षको नगद मौज्दातको अनुमान रु | १०,००,००० | |
| ११ | आन्तरिक राजश्वको अनुमान रू | १,१०,००,००० | |
| | **कुल संचित कोषमा प्राप्त हुने अनुमानित रकम रु** | **६८,९७,८८,९७९** | |

## अनुसूचि - २

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट आर्थिक वर्ष २०८२।०८२ मा विनियोजन हुने अनुमानित रकम

**रु. हजारमा**

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १= | नगर कार्यपालिका | | | | |
| २= | वडा समिति | | | | |
| ३= | विषयगत शाखा | | | | |
| ४= | विभिन्न कोषहरु | | | | |
| | **कुल जम्मा रु** | ४२७५०० | २६२२८८ | | ६८९७८८ |

**(क) शसर्त कार्यक्रम तर्फ खर्च**

नेपाल सरकारद्धारा वित्तिय हस्तान्तरण हुदाँका बखत तोकिएका कार्यक्रममा नै खर्च गर्ने गरी चालुगत र पुँजीगत खर्चमा विनियोजन रकम

**रु. हजारमा**

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | चालुगत खर्च रकम | २९५७०० | |
| २. | पुँजीगत खर्च रकम | ७७२०० | |
| | **जम्मा रकम रु** | **३७२९००** | |

नलगाड नगरपालिका